प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

प्रमुख सचिव

# सेवा करारमा प्राविधिक जनशक्ति छनौट सम्बन्धी कार्यविधि

## २०७८

प्रदेश सरकार
उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

प्रदेश सरकार

**उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय**

गण्डकी प्रदेश, पोखरा

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

# सेवा करारमा प्राविधिक जनशक्ति छनौट सम्बन्धी कार्यविधि, २०७८

**प्रस्तावनाः** उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय र मातहत निकाय तथा आयोजनामा रिक्त रहेको स्थायी दरबन्दी तथा स्वीकृत हुने अस्थायी दरबन्दीमा स्थायी वा अस्थायी पदपूर्ति नहुन्जेल सम्मका लागि ईन्जिनियर, हाईड्रोजियोलोजिष्ट, सव-ईन्जिनियर, असिष्टेन्ट हा.जि., खानेपानी तथा सरसफाई टेक्निसियन र ल्याब टेक्निसियन पदमा खुल्ला प्रतिस्पर्धाबाट सेवा करारमा भर्ना गर्न छनौट सम्बन्धी प्रकृया, मापदण्ड कार्यविधि एवं मूल्यांकनका आधारहरु तय गर्न वाञ्छनीय भएकोले,

"प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५" बमोजम गण्डकी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद — १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस कार्यविधिको नाम "सेवा करारमा प्राविधिक जनशक्ति छनौट सम्बन्धी कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

(३) यो कार्यविधि गण्डकी प्रदेशभर लागू हुनेछ।

२. **परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "आयोजना वा निकाय" भन्नाले मन्त्रालय मातहतका आयोजना र निकायलाई जनाउँछ ।

(ख) "कर्मचारी" भन्नाले ईन्जिनियर छनौट सिफारिस समितिको प्रशासनिक कामकारवाहीको सहयोगको लागि तोकिएको कर्मचारीलाई जनाउछ।

(ग) "दक्ष वा विज्ञ" भन्नाले ईन्जिनियर, हाईड्रोजियोलोजिष्ट, सव-ईन्जिनियर, असिष्टेन्ट हा.जि., खानेपानी तथा सरसफाई टेक्निसियन र ल्याब टेक्निसियन छनौट गर्नका लागि मूल्यांकन गर्ने कार्यमा संलग्न विषयगत दक्षता भएको व्यक्तिलाई जनाउछ ।

(घ) "नाता सम्बन्ध" भन्नाले पति-पत्नी तथा छोरा-छोरी, धर्मपुत्र-धर्मपुत्री, दाजु-भाई, दिदीबहिनी, भाउजु-बुहारी, काका-काकी, ठूलोबुबा-ठुलोआमा, सानाबा-सानीआमा, भतिजा-भतिजी, भान्जा-भान्जी, भिनाजु-ज्वाई, मामा-माइज्यु, फूपु-फुपाज्यु, साला-साली र तिनका छोराछोरीलाई जनाउछ ।

(ङ) "पदपूर्ति समिति" भन्नाले मन्त्रालय मातहतका निकाय, आयोजनाका लागि सेवा करारमा ईन्जिनियर, हाईड्रोजियोलोजिष्ट, सव-ईन्जिनियर, असिष्टेन्ट हा.जि., खानेपानी तथा सरसफाई टेक्निसियन र ल्याब टेक्निसियन छनौट गर्न दफा ३ बमोजिम गठित पदपूर्ति समितिलाई जनाउछ।

(च) "पदाधिकारी" भन्नाले पदपूर्ति समिति र सिफारिस समितिका अध्यक्ष र सदस्यलाई जनाउछ।

(छ) "मन्त्रालय" भन्नाले उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय गण्डकी प्रदेशलाई जनाउछ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

(ज) "प्राविधिक जनशक्ति" भन्नाले यस मन्त्रालय र मातहतका डिभिजन/सब डिभिजन कार्यालयहरुमा स्वीकृत दरवन्दी अनुसारको पदमा काम गर्ने ईन्जिनियर, हाईड्रोजियोलोजिस्ट, सव-ईन्जिनियर, असिष्टेन्ट हा.जि., खानेपानी तथा सरसफाई टेक्निसियन, ल्याब टेक्निसियन लगायत लाई जनाउँछ।

(झ) "ईन्जिनियर" भन्नाले मन्त्रालय मातहतका निकाय तथा आयोजनाहरुमा सेवा करारमा काम गर्ने ईन्जिनियरिङ्ग सेवाका सबै समूह र उपसमुहका ईन्जिनियरलाई जनाउछ ।

(ञ) "हाईड्रोजियोलोजिष्ट" भन्नाले मन्त्रालय मातहतका निकाय तथा आयोजनाहरुमा सेवा करारमा काम गर्ने ईन्जिनियरिङ्ग सेवा जियोलोजि समूह, हाईड्रोजियोलोजि उपसमुहका हाईड्रोजियोलोजिष्टलाई जनाउछ ।

(ट) "सव-ईन्जिनियर" भन्नाले मन्त्रालय मातहतका निकाय तथा आयोजनाहरुमा सेवा करारमा काम गर्ने ईन्जिनियरिङ्ग सेवाका सबै समूह र उपसमुहका सव-ईन्जिनियरलाई जनाउछ ।

(ठ) "असिष्टेन्ट हा.जि." भन्नाले मन्त्रालय मातहतका निकाय तथा आयोजनाहरुमा सेवा करारमा काम गर्ने ईन्जिनियरिङ्ग सेवा जियोलोजि समूह, हाईड्रोजियोलोजि उपसमुहका असिष्टेन्ट हा.जि.लाई जनाउछ ।

(ड) खानेपानी तथा सरसफाई टेक्निसियन भन्नाले मन्त्रालय मातहतका निकाय तथा आयोजनाहरुमा सेवा करारमा काम गर्ने ईन्जिनियरिङ्ग सेवा, सिभिल समूह र स्यानिटरी उपसमूहका प्राविधिक जनशक्तिलाई जनाउछ।

(ढ) "ल्याब टेक्निसियन" भन्नाले मन्त्रालय मातहतका निकाय तथा आयोजनाहरुमा सेवा करारमा काम गर्ने ईन्जिनियरिङ्ग सेवाका सबै समूह र उपसमुहका ल्याब-टेक्निसियनलाई जनाउछ ।

(ण) "सिफारिस समिति" भन्नाले पदपूर्ति समितिले दफा ४ बमोजिम गठन गरेको ईन्जिनियर, हाईड्रोजियोलोजिष्ट, सव-ईन्जिनियर, असिष्टेन्ट हा.जि., खानेपानी तथा सरसफाई टेक्निसियन र ल्याब टेक्निसियन छनौट सिफारिस समितिलाई जनाउछ।

## परिच्छेद — २

## पदपूर्ति तथा सिफारिस समिति

३. **पदपूर्ति समितिको गठनः**(१) मन्त्रालय मातहतका निकाय तथा आयोजनाहरुको प्राविधिक जनशक्ति छनौट गर्न देहाय बमोजिमको पदपूर्ति समिति गठन गरिनेछ ।

(क) मन्त्रालयका सचिव — संयोजक

(ख) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रतिनिधि — सदस्य

(ग) मन्त्रालयको सेवा समूहसँग सम्बन्धित महाशाखा प्रमुख — सदस्य

(घ) सेवा समूह सम्बन्धी क्षेत्रका विषय विज्ञ /दक्ष — सदस्य

(ङ) प्रदेश लोकसेवा आयोगको कार्यालयको अधिकृतस्तरको कर्मचारी - सदस्य

(च) मन्त्रालयका प्रशासन महाशाखा प्रमुख — सदस्य सचिव

(२) पदपूर्ति समितिमा आवश्यकता अनुसार दक्ष वा विशेषज्ञको रुपमा बढीमा ३ जना सम्म व्यक्तिलाई आमन्त्रित गर्न सकिनेछ ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

प्रमुख सचिव

४. **सिफारिस समितिको गठनः** (१) प्राविधिक जनशक्तिको पदमा सेवा करारको लागि खुल्ला प्रतिस्पर्धा गराई उपयुक्त व्यक्तिको छनौट गरी सिफारिस गर्न पदपूर्ति समितिले आवश्यकता अनुसार एक सिफारिस समिति गठन गर्न सक्नेछ। त्यसरी सिफारिस समिति गठन नभएमा पदपुर्ति समितिले नै सिफारिस समितिको काम गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएको सिफारिस समितिले आवश्यकतानुसार कुनै विषय विज्ञलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) पदपूर्ति समितिका पदाधिकारी, सिफारिस समितिका पदाधिकारी, आमन्त्रित विषय विज्ञ तथा सिफारिस समितिले काममा खटाएका कर्मचारीलाई सार्वजनिक खर्च मापदण्ड तथा मितव्ययीता सम्बन्धी निर्देशिका बमोजिम बैठक भत्ता र अन्य सुविधा दिइनेछ ।

## परिच्छेद - ३

## पदपूर्ति तथा छनौट सम्बन्धी व्यवस्था

५. **प्राविधिक जनशक्तिको पदमा सेवा करारको लागि उम्मेदवारको योग्यताः**

(१) देहायका व्यक्तिहरु ईन्जिनियर पदमा नियुक्तिको लागि योग्य मानिनेछन् ।

(क) नेपाली नागरिक,

(ख) २१ वर्ष उमेर पुरा भई दरखास्त दिने अन्तिम म्याद सम्म ३५ वर्ष ननाघेको, महिलाको हकमा ४० बर्ष उमेर पुरा नभएको,

(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट ईन्जिनियरिङ्ग विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

(ङ) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको,

(च) नेपाल ईन्जिनियरिङ्ग काउन्सीलमा दर्ता भएको,

(२) देहायका व्यक्तिहरु हाईड्रोजियोलोजिष्ट पदमा नियुक्तिको लागि योग्य मानिनेछन् ।

(क) नेपाली नागरिक,

(ख) २१ वर्ष उमेर पुरा भई दरखास्त दिने अन्तिम म्याद सम्म ३५ वर्ष ननाघेको, महिलाको हकमा ४० बर्ष उमेर पुरा नभएको,

(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट जियोलोजि बिषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

(ङ) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको,

(३) देहायका व्यक्तिहरु सव–ईन्जिनियर पदमा नियुक्तिको लागि योग्य मानिनेछन् ।

(क) नेपाली नागरिक,

(ख) १८ वर्ष उमेर पुरा भई दरखास्त दिने अन्तिम म्याद सम्म ३५ वर्ष ननाघेको, महिलाको हकमा ४० बर्ष उमेर पुरा नभएको ।

...कुमार श्रेष्ठ

(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट ईन्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,,

(ङ) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको,

(४) देहायका व्यक्तिहरु असिष्टेन्ट हा.जि. पदमा नियुक्तिको लागि योग्य मानिनेछन् ।

(क) नेपाली नागरिक,

(ख) १८ वर्ष उमेर पुरा भई दरखास्त दिने अन्तिम म्याद सम्म ३५ वर्ष ननाघेको, महिलाको हकमा ४० बर्ष उमेर पुरा नभएको,

(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट जियोलोजि बिषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

(ङ) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको,

(५) देहायका व्यक्तिहरु खानेपानी तथा सरसफाई टेक्निसियन पदमा नियुक्तिको लागि योग्य मानिनेछन्।

(क) नेपाली नागरिक,

(ख) १८ वर्ष उमेर पुरा भई दरखास्त दिने अन्तिम म्याद सम्म ३५ वर्ष ननाघेको, महिलाको हकमा ४० बर्ष उमेर पुरा नभएको,

(ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सि./एस.इ.इ. वा सो सरह उतीर्ण गरि खानेपानी तथा सरसफाई विषयमा तालिम प्राप्त

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

(ङ) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको,

(६) देहायका व्यक्तिहरु ल्याब टेक्निसियन पदमा नियुक्तिको लागि योग्य मानिनेछन् ।

(क) नेपाली नागरिक,

(ख) १८ वर्ष उमेर पुरा भई दरखास्त दिने अन्तिम म्याद सम्म ३५ वर्ष ननाघेको, महिलाको हकमा ४० बर्ष उमेर पुरा नभएको,

(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट ईन्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

(ङ) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको,

६. <u>सूचना प्रकाशन एवं दरखास्त सम्बन्धी व्यवस्थाः</u> (१) प्राविधिक जनशक्तिको पदमा पदपुर्ति गर्न सूचना प्रकाशन गर्दा दफा ५ बमोजिमको योग्यता हासिल गरेका इच्छुक व्यक्तिहरुमध्येबाट दरखास्त आव्हान गरिनेछ । सोको लागि कम्तीमा ७ (सात) दिनको समय दिई राष्ट्रियस्तरको पत्रिकामा सूचना प्रकाशन गर्नुपर्ने छ । सो सूचना मन्त्रालयको वेभसाईट र सूचना पाटीमा समेत टाँस गर्नुपर्ने छ ।

(२) प्राविधिक पदको लागि उम्मेदवार हुन चाहने योग्यता पुगेको व्यक्तिले उपदफा (१) मा उल्लेख गरिएको सूचनामा तोकिएको म्यादभित्र लोक सेवा आयोगले खुला प्रतियोगिताको लागि निर्धारण गरेको दरखास्त फाराम भरी सोही सूचनामा उल्लेख गरिएको स्थानमा बुझाउनु पर्नेछ ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

(३) उपदफा (२) बमोजिम दरखास्त फारम बुझाउँदा दरखास्तको साथमा निम्न कुराहरु संलग्न हुनुपर्नेछ।

(क) शैक्षिक योग्यताको प्रमाणपत्रका प्रमाणित प्रतिलिपीहरु १/१ थान ।

(ख) नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी १ थान ।

(ग) दरखास्त दस्तुर बुझाएको रसिद ।

(घ) ईन्जिनियर पदका लागि नेपाल इन्जिनियरिङ्ग काउन्सिलको दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी १ थान ।

(ङ) अनुभव वा तालिम भए सो को प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

(४) उपदफा (१) बमोजिम प्रकाशित सूचना अनुसार प्राप्त दरखास्त छानविन गर्दा रीत पुगेको र सूचनामा उल्लेखित योग्यताहरु पुरा भएको दरखास्त मात्र स्वीकृत हुनेछ ।

(५) यस दफा बमोजिम दरखास्त फारम बुझाउँदा ईन्जिनियर र हाईड्रोजियोलोजिष्ट पदका लागि एक हजार रुपैया तथा सव-ईन्जिनियर, असिष्टेन्ट हा.जि., खानेपानी तथा सरसफाई टेक्निसियन र ल्याब टेक्निसियन पदका लागि पाँच सय रुपैया दरखास्त दस्तुर लाग्नेछ ।

७. <u>माग संकलन र पदसंख्या निर्धारण:</u> मन्त्रालय मातहतका निकायहरुमा रिक्त रहेको प्राविधिक जनशक्तिको पदहरुमा सेवा करारमा भर्ना गर्ने पदको माग संकलन गरी रिक्त पदसंख्या निर्धारण मन्त्रालयले गर्नेछ ।

८. <u>प्राविधिक जनशक्ति छनौटका आधार:</u> (१) प्राविधिक जनशक्ति छनौटको लागि विभिन्न चरणमा लिइने परीक्षण विधिको कूल पूर्णाङ्क एक सय हुनेछ। सो अङ्कभारलाई देहायमा उल्लेख गरिएका उपशिर्षकहरुका भारका आधारमा प्रदान गरिनेछ ।

(क) शैक्षिक योग्यता र अनुभव - साठी अङ्क

(ख) भौगोलिक अनुभव - दश अङ्क

(ग) अन्तरवार्ता - तीस अङ्क

(२) सिफारिस समितिले दफा ६ बमोजिम दरखास्त पेश गर्ने उम्मेदवारको शैक्षिक योग्यता र अनुभव तथा भोगोलिक अनुभव कार्यविधिको अनुसूचि-१ र अनुसूचि- २ बमोजिमको मूल्याङ्कनका आधारमा मूल्यांकन गर्दा न्यूनतम ५०% अकं वा सो भन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवाहरु मध्ये माग पद संख्याको तेब्बर संख्यामा उम्मेदवारहरुको नाम दरखास्त दिने अन्तिम म्याद समाप्त भएको मितिले पन्ध्र दिन भित्र छनौट गरी संक्षिप्त सूची प्रकाशन गर्नेछ । यस दफा बमोजिम उम्मेदवारले प्राप्त गर्ने अंकलाई उम्मेदवाले अन्तर्वातामा प्राप्त गरेको अंकमा गणना गरी जम्मा प्राप्ताङकको आधारमा अन्तिम नतिजा प्रकाशन गरिने छ

तर उपदफा २ मा व्यवस्था भए बमोजिमको संक्षिप्त सूची प्रकाशन गर्नको लागि आवश्यक संख्यामा उम्मेदवार उत्तीर्ण नभएमा पनि उत्तीर्ण भएका उम्मेदवारको मात्र संक्षिप्त सूची प्रकाशन गर्न यस कार्यविधि बमोजिम वाधा पर्ने छैन।

(३) संक्षिप्त सूची प्रकाशन गर्दा उम्मेदवारको वर्णनाक्रम अनुसार प्रकाशित गर्नुपर्नेछ।

९. <u>अन्तरवार्ता:</u> (१) दफा ८ को उपदफा (२) बमोजिम संक्षिप्त सूचिमा परेका उम्मेदवारहरुलाई मात्र अन्तर्वातामा सामेल गराइनेछ ।

(२) उपदफा २ बमोजिम संक्षिप्त सूचिमा परेका उम्मेदवारहरुको अन्तरवार्ताका लागि पदपूर्ति समितिले आवश्यक प्रवन्ध गर्नेछ ।

(३) अन्तरवार्ताको अंकभार अनुसूचि ३ बमोजिम जम्मा ३०(तिस) अंकको हुनेछ ।

(४) अन्तरवार्तामा मूल्यांकन गर्नको लागि लोकसेवा आयोग नियमावली, २०६७ को अनुसूची बमोजिमको फारम प्रयोग गर्न सकिनेछ। अन्तरवार्ता गर्दा अन्तरवार्ताकर्ताले सोही अनुसूचीमा उल्लेखित कुराहरुलाई पालना गर्नुपर्नेछ ।

(५) अन्तरवार्ताको लागि तोकेको मिति, समय र स्थानमा अनुपस्थित हुने उम्मेदवारलाई पुनः अन्तरवार्तामा सामेल गराइने छैन ।

(६) संक्षिप्त सूचिमा परेका उम्मेदवारहरुको अन्तवार्ताको लागि मिति, समय र स्थान सम्बन्धी जानकारीको सूचना राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित गरिनेछ । उक्त सूचना मन्त्रालयको वेभसाइट र सूचना पाटीमा समेत टाँसिने छ ।

(७) अन्तवार्ताका लागि छनौट भएका उम्मेदवारहरुले अन्तवार्ताका दिन आफुले पेश गरेका शैक्षिक योग्यता र अनुभवका प्रमाणपत्रहरु तथा नेपाली नागरिकताको प्रमाणपत्रका सक्कल प्रतिहरु लिई आउनु पर्नेछ ।

(८) अनुसूचीमा उल्लेख गरिएका आधारहरुमा अन्तवार्ताको मूल्यांकन गरिनेछ।

(९) अन्तरवार्ताको मूल्यांकन गर्ने प्रत्येक सदस्यले तोकिए बमोजिम अलग अलग फाराममा मूल्यांकन गर्नुपर्नेछ। अन्तरवार्ता समाप्त हुने वित्तिकै उपस्थित सबैका रोहवरमा सिलबन्दी गरी सो खामका बाहिर विज्ञ लगायत अन्तरवार्तामा सामेल सबै सदस्यहरुले सहीछाप गर्नुपर्नेछ।

(१०) अन्तरवार्तामा संलग्न कुनै मूल्यांकनकर्ताले सत्तरी प्रतिशत भन्दा बढी र चालिस प्रतिशत भन्दा घटी अङ्क प्रदान गरेमा स्पष्ट आधार र कारण खुलाउनु पर्नेछ र त्यसरी प्रदान गरेको अङ्क पचास प्रतिशत भन्दा बढी मूल्यांकनकर्ताहरुले प्रदान गरेको भए मात्र मान्य हुनेछ। अन्यथा बढीमा सत्तरी प्रतिशत र घटीमा चालिस प्रतिशत नै अङ्क मानी गणना गरिनेछ। अन्तर्वार्ताको चरणमा आयोगले अवलम्बन गरेको आचारसंहिता लागू हुनेछ।

१०. <u>अन्तिम नामावली प्रकाशन तथा सेवा करारका लागि सिफारिस:</u>(१) अन्तिम नतिजा प्रकाशनको लागि समितिबाट लिइएको विभिन्न चरणको परिक्षामा उम्मेदवारले प्राप्त गरेको अंकको आधारमा योग्यताक्रमको सूची तयार गर्नुपर्ने छ।

(२) अन्तर्वार्ता समाप्त भएपछि सिफारिस समितिले उम्मेदवारले अन्तरवार्तामा प्राप्त गरेको अङ्कलाई शैक्षिक योग्यता र अनुभव तथा भौगोलिक अनुभवमा प्राप्त प्राप्ताङ्कसँग जोडी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारहरुको आवश्यक संख्या नियुक्तिको लागि सिफारिस गरिनेछ र बाँकी उम्मेदवारहरुलाई बैकल्पिक उम्मेदवारको रुपमा पदपूर्ति समिति समक्ष सिफारिस गर्नु पर्नेछ। त्यसरी सिफारिस समितिबाट प्राप्त सिफारिसलाई पदपूर्ति समितिले अनुमोदन गरी सेवा करारको लागि मन्त्रालय समक्ष सिफारिस गर्नु पर्नेछ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

(३) यस कार्यविधि बमोजिम सेवा करारमा राखिएका प्राविधिक पदहरुको पदपूर्ति भएको एक वर्षभित्र रिक्त भएमा बैकल्पिक सूचीमा भएका उम्मेदवारहरु मध्येबाट योग्यताक्रमको आधारमा सेवा करारको लागि सिफारिस गर्न सकिनेछ ।

११. <u>सेवा सुविधा एवं पदावधि सम्बन्धी व्यवस्था:</u> (१) सेवा करारका प्राविधिक जनशक्तिको पदावधि सेवा करार सम्झौतामा तोकिए बमोजिम हुनेछ। प्रदेश सरकारबाट सालवसाली अस्थायी दरवन्दी स्वीकृत भएमा र सम्पादित कार्य सन्तोषजनक रहेमा वीचमा केही समय पद रिक्त राखी पुनः म्याद थप हुन सक्नेछ।

(२) मासिक पारिश्रमिक प्रदेश सरकारको समान तह र पदले खाईपाई आएको शुरु तलब स्केल बराबर हुनेछ ।

(३) छनौट भएका उम्मेदवारहरुलाई मासिक पारिश्रमिक बाहेक सेवा करार भए बमोजिमको अन्य सुविधा दिन सकिनेछ।

## परिच्छेद — ४

## <u>विज्ञ सम्बन्धी व्यवस्था</u>

१२. <u>विज्ञको सूची तयार गर्ने:</u> (१) शैक्षिक योग्यताको मूल्यांकन तथा अन्तरवार्ताका लागि दरखास्त बुझाउने अन्तिम मिति अगावै सिफारिस समितिले आवश्यकता अनुसार विज्ञहरुको चयन गरी सूची तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूची तयार गर्दा छलफल गरी सम्भव भएसम्म शैक्षिक योग्यता, सम्बन्धित क्षेत्रको अनुभव र व्यवसायिक दक्षताको आधार लिई तयार गर्नु पर्नेछ ।

१३. <u>आचार संहिता पालना गर्नुपर्ने:</u> पदपूर्ति समितिका पदाधिकारी, सिफारिस समितिका पदाधिकारी एवं दक्ष वा विज्ञ र कर्मचारीले प्राविधिक जनशक्ति छनौट सम्बन्धी कार्य गर्दा देहायका आचार संहिता पालना गर्नुपर्नेछ ।

**(१) दक्ष वा विज्ञले पालना गर्नु पर्ने आचरण:**

(क) अन्तरवार्ता सम्बन्धी कार्यजिम्मेवारीको कुरा कसैलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा व्यक्त गर्नु हुँदैन ।

(ख) आफ्नो नाता सम्बन्ध भएका व्यक्ति उम्मेदवार रहेको व्यहोरा जानकारी हुन आएको अवस्थामा अन्तरवार्ता सम्बन्धी जिम्मेवारी निर्वाह गर्नु हुँदैन ।

(ग) अन्तरवार्ताका लागि प्रदान गरिएको अङ्क कही कतै व्यक्त गर्नु हुदैन ।

**(२) अन्तरवार्ता कर्ताले पालना गर्नुपर्ने आचरण:**

(क) नाता सम्बन्ध भएका व्यक्ति उम्मेदवार भएमा अन्तरवार्तामा बस्नु हुदैन ।

(ख) अन्तरवार्ता हुनुभन्दा अघि त्यस्तो कार्यमा आफू संलग्न हुने कुरा कही कतै व्यक्त गर्नु हुदैन ।

(ग) अन्तरवार्तामा अङ्क प्रदान गरेको कुरा कहीं कतै व्यक्त गर्नु हुदैन ।

**(३) पदपूर्ति समितिका पदाधिकारीले पालना गर्नुपर्ने आचरण:**

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

(क) नाता सम्बन्ध भएका व्यक्ति उम्मेदवार भएमा प्राविधिक जनशक्ति छनौट सम्बन्धी कुनै पनि कार्यमा संलग्न हुनु हुँदैन ।

(ख) कुनै उम्मेदवारको पक्ष वा विपक्षमा कही कतै मत व्यक्त गर्नु हुँदैन ।

(ग) सिफारिस समितिका पदाधिकारी वा कर्मचारीले गरिरहेका गोपनीयता कायम गर्नुपर्ने काम कारवाहीका विषयमा अनावश्यक रुपमा खोजीनीति गर्न वा चासो लिन हुँदैन ।

(घ) प्राविधिक जनशक्ति छनौटको लागि सूचना प्रकाशन भएदेखि उम्मेदवारको नाम सिफारिस नभए सम्मको अवधिभर सिफारिस समितिका पदाधिकारी वा कर्मचारीलाई अनावश्यक प्रलोभन, दवाव, धम्की, भनसुन वा आग्रह गर्न गराउन हुदैन ।

**(४) सिफारिस समितिका पदाधिकारी एवं कर्मचारीले पालना गर्नुपर्ने आचरणः**

(क) कार्यगत स्वतन्त्रता र निष्पक्षता कायम राख्न हरसम्भव प्रयत्नशिल रहनु पर्दछ ।

(ख) प्राविधिक जनशक्ति छनौटसँग सम्बन्धित काममा गोपनीयता कायम गर्नु पर्नेछ।

(ग) प्राविधिक जनशक्ति छनौट सम्बन्धी कार्य सम्पादन गर्दा वाह्य वा आन्तरिक कुनै पनि क्षेत्रबाट कुनै पनि कारणले प्रत्यक्ष अप्रत्यक्ष रुपमा आउने प्रभाव, प्रलोभन, दवाव, भनसुन, धम्की, आग्रह, बाट प्रेरित वा प्रभावित नभई कानुनको परिपालना गरि कार्यसम्पादन गर्नु पर्छ ।

(घ) कुनै पनि प्रकारको मोलाहिजा, पक्षपात वा पूर्वाग्रह नराखी आफ्नो पदीय कर्तव्यको पालना गर्नु पर्छ ।

(ङ) प्राविधिक जनशक्ति छनौट सम्बन्धी काम कारवाहीमा असर पर्ने गरी वा निष्पक्षता, गोपनीयता वा विश्वसनियता र स्वच्छतामा आँच पुग्ने गरी जानाजान कुनै प्रकारको टिकाटिप्पणी वा आलोचना गर्न वा सार्वजनिक वा अन्य कुनै रुपमा अभिव्यक्ति दिनु हुँदैन।

(च) कुनै पनि उम्मेदवारबाट कुनै दान, दातव्य, चन्दा, ऋणसापटी, आर्थिक, वा भौतिक लाभ, उपचार वा कोसेली ग्रहण वा स्वीकार गर्नु हुदैन ।

१४. <u>नाता सम्बन्ध भएका व्यक्तिको संलग्नता संम्बन्धमाः</u> (१) कुनै नाता सम्बन्ध रहेको व्यक्ति उम्मेदवार रहेको जानकारी भएमा सो को लिखित जानकारी पदपुर्ति समितिलाई समयमै गराउनु पर्नेछ । पदपूर्ति समिति एवं सिफारिस समितिका पदाधिकारी एवं कर्मचारीले आफ्नो नाता सम्बन्ध भएका व्यक्ति उम्मेदवार भएमा निष्पक्षता स्वच्छता एवं गोपनीयता कायम राख्न देहायको कार्य वा निर्णय प्रकृयामा संलग्न हुनु हुदैनः

(क) अन्तरवार्ता,

(ख) मूल्यांकन एवं नतिजा प्रकाशन गर्ने कार्य ।

१५. <u>गोपनीयताः</u> छनौट प्रकृया सम्बन्धी कामकारवाही तथा गोपनीयता राख्नु पर्ने कार्यमा आवश्यक गोपनीयता कायम राख्ने दायित्व सो काममा संलग्न सबै पदाधिकारी एवं कर्मचारीको हुनेछ

सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

सचिव

## परिच्छेद — ५

## विविध

१६. विविध:(१) सिफारिस समितिले आवश्यकता अनुसार आफ्ना काम कारवाहीका सम्बन्धमा प्रयोजन हेरी छुट्टाछुट्टै निर्णय पुस्तिका, दर्ता किताव, चलानी किताब आदि खडा गर्नेछ ।

(२) सिफारिस समितिले आफैले गर्ने कार्य बाहेक गोपनीयता भङ्ग नहुने साधारण कार्य गर्नको लागि मन्त्रालय वा मातहतका निकायका कर्मचारीहरुको सहयोग लिन सक्नेछ ।

(३) सिफारिस समितिले दरखास्त आह्वान गरिएको सूचना, कार्यविधि,प्राविधिक जनशक्तिको कार्यविवरण (TOR) तथा आयोजना सम्बन्धी आधारभूत जानकारी भएको अन्य सामाग्रीहरु लगायत आवश्यक देखेका अन्य कुराहरु जानकारीको लागि मन्त्रालयले सूचना डेस्क वा वेभसाइट मार्फत सूचना प्रवाह गर्नेछ।

(४) यस कार्यविधिमा उल्लेख भएका विषयहरुमा कुनै द्विविधा पर्न गएमा पदपुर्ति समितिले आवश्यक बाधा अड्काउ फुकाउन सक्नेछ।

(५) उपदफा (४) बमोजिम बाधा अड्काउ फुकाउने प्रयोजनका लागि पदपुर्ति समितिले लोक सेवा आयोगको सामान्य सिद्धान्तलाई आधार मान्न सक्नेछ

(६) सिफारिस समितिले प्राविधिक जनशक्ति छनौट सम्बन्धी कार्यप्रक्रिया अवलम्बन गर्दा यस कार्यविधिमा उल्लेख नभएका व्यवस्थाहरुको हकमा लोक सेवा आयोगद्वारा निर्धारण भएको सिद्धान्त, कार्यविधि र प्रक्रियालाई अवलम्बन गर्नेछ।

(७) सिफारिस समितिको प्रशासनिक काम कारवाहीमा सहयोग पुऱ्याउनको लागि सिफारिस समितिको अनुरोधमा मन्त्रालय वा मातहतका निकायहरुले आवश्यक कर्मचारी खटाउनेछ।

सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

प्रमुख सचिव

# अनुसूची — १

## (दफा ८ को उपदफा १ (क) सँग सम्बन्धित)

(क) ईन्जिनियर,हाइड्रोलोजिष्ट लगायत राजपत्राङ्कित तृतिय श्रेणीको पदको उम्मेदवार छनौटको लागि शैक्षिक योग्यता र अनुभव वापतको अंक प्रदान गर्ने आधारः

पूर्णाङ्क : ६०

| सि.नं. | विवरण | अंकभार |
|---|---|---|
| १ | **शैक्षिक योग्यता बापत** | ४५ अङ्क |
| १.१ | ८० प्रतिशत वा सो भन्दा बढी प्राप्ताङ्क भएमा(स्नातक तह) | ४५ अङ्क |
| १.२ | ७५ प्रतिशत देखि ८० प्रतिशत भन्दा कम प्राप्ताङ्क भएमा(स्नातक तह) | ४२.५अङ्क |
| १.३ | ७० प्रतिशत देखि ७५ प्रतिशत भन्दा कम प्राप्ताङ्क भएमा(स्नातक तह) | ४० अङ्क |
| १.४ | ६५ प्रतिशत देखि ७० प्रतिशत भन्दा कम प्राप्ताङ्क भएमा(स्नातक तह) | ३७.५अङ्क |
| १.५ | ६० प्रतिशत देखि ६५ प्रतिशत भन्दा कम प्राप्ताङ्क भएमा(स्नातक तह) | ३५ अङ्क |
| १.६ | ५५ प्रतिशत देखि ६० प्रतिशत भन्दा कम प्राप्ताङ्क भएमा(स्नातक तह) | ३२.५अङ्क |
| १.७ | ५५ प्रतिशत भन्दा कम प्राप्ताङ्क भएमा(स्नातक तह) | ३० अङ्क |
| १.८ | तोकिएको न्युनतम योग्यता भन्दा माथिल्लो योग्यता | ५ अङ्क |
| २ | सेवा समूह र विषयगत क्षेत्रमा काम गरेको अनुभव वापत(न्युनतम शैक्षीक योग्यता हासिल गरेपछिको तथा सम्वन्धित निकाय दर्ता हुनु पर्नेभएमा दर्ता भएपछिको) | १० अङ्क |
| २.१ | ४ वर्ष वा सो भन्दा बढीको अनुभवको लागि | १० अङ्क |
| २.२ | ३ वर्ष वा सो भन्दा बढीको अनुभवको लागि | ७.५ अङ्क |
| २.३ | २ वर्ष वा सो भन्दा बढीको अनुभवको लागि | ५ अङ्क |
| २.४ | १ वर्ष वा सो भन्दा बढीको अनुभवको लागि | २.५ अङ्क |
| | जम्माः | ६० अङ्क |

सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

(ख) सब-इन्जिनियर,असिष्टेन्ट हा.जि.,ल्या.टे. लगायत राजपत्रअनकिंत प्रथम श्रेणीको पदको उम्मेदवार छनौटको लागि शैक्षिक योग्यता र अनुभव वापतको अंक प्रदान गर्ने आधार :

पूर्णाङ्क : ६०

| सि.नं. | विवरण | अंकभार |
|---|---|---|
| १ | **शैक्षिक योग्यता बापत** | ४५ अङ्क |
| १.१ | ८० प्रतिशत वा सो भन्दा बढी प्रासाङ्क भएमा(प्रमाणपत्र तह) | ४५ अङ्क |
| १.२ | ७५ प्रतिशत देखि ८० प्रतिशत भन्दा कम प्रासाङ्क भएमा(प्रमाणपत्र तह) | ४२.५अङ्क |
| १.३ | ७० प्रतिशत देखि ७५ प्रतिशत भन्दा कम प्रासाङ्क भएमा(प्रमाणपत्र तह) | ४० अङ्क |
| १.४ | ६५ प्रतिशत देखि ७० प्रतिशत भन्दा कम प्रासाङ्क भएमा(प्रमाणपत्र तह) | ३७.५अङ्क |
| १.५ | ६० प्रतिशत देखि ६५ प्रतिशत भन्दा कम प्रासाङ्क भएमा(प्रमाणपत्र तह) | ३५ अङ्क |
| १.६ | ५५ प्रतिशत देखि ६० प्रतिशत भन्दा कम प्रासाङ्क भएमा(प्रमाणपत्र तह) | ३२.५अङ्क |
| १.७ | ५५ प्रतिशत भन्दा कम प्रासाङ्क भएमा(प्रमाणपत्र तह) | ३० अङ्क |
| १.८ | तोकिएको न्युनतम योग्यता भन्दा माथिल्लो योग्यता | ५ अङ्क |
| २ | **सेवा समूह र विषयगत क्षेत्रमा काम गरेको अनुभव वापत(न्युनतम शैक्षीक योग्यता उपाधी प्रास गरेपछिको)** | १० अङ्क |
| २.१ | ४ वर्ष वा सो भन्दा बढीको अनुभवको लागि | १० अङ्क |
| २.२ | ३ वर्ष वा सो भन्दा बढीको अनुभवको लागि | ७.५ अङ्क |
| २.३ | २ वर्ष वा सो भन्दा बढीको अनुभवको लागि | ५ अङ्क |
| २.४ | १ वर्ष वा सो भन्दा बढीको अनुभवको लागि | २.५ अङ्क |
| | जम्मा: | ६० अङ्क |

रामकुमार श्रेष्ठ
सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

(ग) खा.प.स.टे लगायत राजपत्रअनकिंत प्रथम श्रेणीको पदको उम्मेदवार छनौटको लागि शैक्षिक योग्यता र अनुभव वापतको अंक प्रदान गर्ने आधारः

पूर्णाङ्क : ६०

| सि.नं. | विवरण | अंकभार |
|---|---|---|
| १ | **शैक्षिक योग्यता बापत** | ४५ अङ्क |
| १.१ | ८० प्रतिशत वा सो भन्दा बढी प्राप्ताङ्क भएमा(एस.इ.इ. तह ) | ४५ अङ्क |
| १.२ | ७५ प्रतिशत देखि ८० प्रतिशत भन्दा कम प्राप्ताङ्क भएमा (एस.इ.इ तह) | ४२.५अङ्क |
| १.३ | ७० प्रतिशत देखि ७५ प्रतिशत भन्दा कम प्राप्ताङ्क भएमा(एस.इ.इ तह) | ४० अङ्क |
| १.४ | ६५ प्रतिशत देखि ७० प्रतिशत भन्दा कम प्राप्ताङ्क भएमा(एस.इ.इ तह) | ३७.५अङ्क |
| १.५ | ६० प्रतिशत देखि ६५ प्रतिशत भन्दा कम प्राप्ताङ्क भएमा(एस.इ.इ तह) | ३५ अङ्क |
| १.६ | ५५ प्रतिशत देखि ६० प्रतिशत भन्दा कम प्राप्ताङ्क भएमा(एस.इ.इ तह) | ३२.५अङ्क |
| १.७ | ५५ प्रतिशत भन्दा कम प्राप्ताङ्क भएमा(एस.इ.इ तह) | ३० अङ्क |
| १.८ | तोकिएको न्युनतम योग्यता भन्दा माथिल्लो योग्यता | ५ अङ्क |
| २ | **सेवा समूह र विषयगत क्षेत्रमा काम गरेको अनुभव वापत(न्युनतम शैक्षीक योग्यता हासिल गरेपछिको)** | १० अङ्क |
| २.१ | ४ वर्ष वा सो भन्दा बढीको अनुभवको लागि | १० अङ्क |
| २.२ | ३ वर्ष वा सो भन्दा बढीको अनुभवको लागि | ७.५ अङ्क |
| २.३ | २ वर्ष वा सो भन्दा बढीको अनुभवको लागि | ५ अङ्क |
| २.४ | १ वर्ष वा सो भन्दा बढीको अनुभवको लागि | २.५ अङ्क |
| | जम्माः | ६० अङ्क |

रामकुमार श्रेष्ठ
सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

## अनुसूचि — २

### (दफा ८ को उपदफा (१) (ख) सँग सम्बन्धित)

(ख) भगौलिक अनुभव मूल्यांकनको आधारः

पूर्णाङ्क : १०

| सि.नं. | विवरण | अंकभार |
|---|---|---|
| १ | गण्डकी प्रदेशममा स्थायी वसोवास गरेको | ५ अङ्क |
| २ | गण्डकी प्रदेशमा १ वर्ष भन्दा वढी समय काम गरेको | ५ अङ्क |
| | जम्माः | १० अङ्क |

रामकुमार श्रेष्ठ
सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

# अनुसूचि — ३

## (दफा ८ को उपदफा (१) (ग) सँग सम्बन्धित)

(ख) अन्तरवार्ता मूल्यांकनको आधारः

पूर्णाङ्क : १०

| सि.नं. | विवरण | अंकभार |
|---|---|---|
| १ | विषयवस्तुको ज्ञान | १० अङ्क |
| २ | व्यक्तित्व | ५ अङ्क |
| ३ | सिर्जनशील क्षमता | ५ अङ्क |
| ४ | प्रस्तुति र शुद्धता | ५ अङ्क |
| ५ | आत्मविश्वास | ५ अङ्क |
| | जम्माः | ३० अङ्क |

प्रमुख सचिव

सचिव